सूर्यकुण्ड हाईड्रो इलेक्ट्रिक लिमिटेड
SURYAKUNDA HYDRO ELECTRIC LIMITED

का.म.न.पा. ११, ट्रेड टावर थापाथली, काठमाण्डौ, फोन नं. ०१-५१११०९३
इमेलः suryakundahydro@gmail.com | वेवसाइटः www.suryakundahydro.com.np

उन्नाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२०)

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको मिति २०८२/०७/१९ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १९औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि मिति २०८२/०८/१२ गते शुक्रबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१९औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः

मितिः- २०८२ साल मंसिर १२ गते, शुक्रबार (Friday, November 28, 2025)

स्थानः- होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala)

समयः- अपरान्ह ०२:०० बजेदेखि (02:00 P.M. Onwards)

१९औं वार्षिक साधारण सभाका छलफलका विषयहरुः

क) सामान्य प्रस्तावः

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन २०६३ को दफा ११९ अनुसार आ.व २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

ख) विशेष प्रस्तावः

१) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरुको लागि बैंक तथा वित्तिय संस्थाबाट लिईएको आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेकोहुँदा कर्जा अनुमोदन गर्ने तथा आयोजनाहरु विकास, निर्माण तथा संचालनको लागि थप कर्जा आवश्यक भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

२) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले विद्युत आयोजनाहरुको पहिचान गर्ने, सम्भाव्यता अध्ययन गर्ने र मुनाफादायी आयोजनाहरु विकास, निर्माण तथा संचालन गर्नका लागि लगानी गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

३) कम्पनीको संचालक समितिको बैठक भत्ता तथा सेवा सुविधा निर्धारण सम्बन्धमा।

४) समान उद्देश्य रहेको पब्लिक तथा प्राईभेट लिमिटेड कम्पनीलाई गाभ्ने, गाभिने वा प्राप्ति गर्ने प्रयोजनार्थ कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

५) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक थपघट वा परिमार्जन भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

ग) विविध।

१९औं वार्षिक साधारण सभा सम्बन्धी जानकारीहरुः

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा यस कम्पनीमा कायम शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान ९:३० बजेबाट खुल्ला गरिनेछ।

३) १९औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८२ साल मंसिर ५ गतेको अघिल्लो दिनसम्म कायम शेयरधनीहरु मात्र यस आ.व. २०८१/०८२ को यस सभामा भाग लिन योग्य हुनेछन्।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ। थप जानकारीको लागि कम्पनीको वेबसाइट www.suryakundahydro.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

सञ्चालक समितिको आज्ञाले
सिद्धार्थ शर्मा
कम्पनी सचिव